चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

# चौदण्डीगढी नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९

प्रमाणीकरण र प्रकाशन मितिः २०७९/०३/२९

प्रस्तावना

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायत काकार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न "चौदण्डीगढी नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०७९" परिच्छेद ५ को दफा १३ को अधिनमा रही यो कार्यविधि तयार गरी लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** (क) यस कार्यविधिको नाम "चौदण्डीगढी **नगरपालिकाको** साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९"रहेको छ।

(ख) यो कार्यविधि चौदण्डीगढी नगरपालिकाको क्षेत्रभर लागु हुनेछ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषयवा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले चौदण्डीगढी नगरपालिकाको साझेदारी कार्यक्रम संचालनकार्यविधि २०७९ लाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनु पर्छ।

(ग)"अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मूल्यश्रृंखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबीनिवारण समेतका लागि छनौट भएका अनुदान ग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनु पर्दछ।

(घ) "अनुदानग्राही "भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ।

(ङ) "नगरपालिका" भन्नाले चौदण्डीगढी नगरपालिका सम्भिनु पर्दछ।

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

## परिच्छेद २
## साझेदारी कार्यक्रमका क्षेत्र

३. साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन्:-

(क) शिक्षा

(ख) स्वास्थ्य

ग) कृषि

(घ) पशु विकास

(ङ) भौतिकपुर्वाधार

(च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

(छ) खानेपानी तथा सरसफाई

(ज) रोजगारी तथा स्वरोजगार सृजना

(झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

(ञ) वन तथा वातावरण संरक्षण

(ट) संस्थागत विकास तथा सुशासन

(ठ) साना किसानद्वारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण

(ड) स्थानीय उत्पादनको संकलन, प्रसोधन तथा बजारीकरण

## परिच्छेद ३
## साझेदार छनौट प्रक्रिया

**४.साझेदार छनौट प्रक्रिया देहायबमोजिम हुनेछन्:-**

(क) साझेदारीको लागि छनौट गरिएका कार्यक्रम वा योजनाको छनौट गरी चौदण्डीगढी नगरसभाबाट स्वीकृत गर्नु पर्नेछ ।

(ख) खुल्ला रुपमा **अनुसूची १** बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूचीतयार गर्नु पर्ने:

१. बीस लाख देखि दश करोड रुपैया सम्म लागत अनुमान भएको साझेदारी कार्यकम गर्नु परेमा आशयपत्र दाता बीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ । सो सम्बन्धि आशयपत्र संकलन गर्न कम्तीमा ३० दिनको अवधी दिई राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

२. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघ संस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

३. प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्र दाता छनौट हुन नसकेमा चौदण्डीगढी नगरपालिकाले पुनःराष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधी दिई आशयपत्र माग गर्नु पर्नेछ ।

४. दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीन वटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्र दाताको मात्र सूची कायम गर्न सकिनेछ ।

५. आशयपत्र दाताले खुलाउनु पर्ने विवरण:

(क) व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाको विवरण, संगठन,

(ख) विगत सात वर्षमा उद्यमशिलता विकास र रोजगार सिर्जनाको क्षेधमा काम गरेको । व्यक्तिगत आशयपत्र दाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण ।

(ग) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

**५. यस कार्यविधिब मोजिम पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी चौदण्डीगढी नगरपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ । छनौटका आधारहरु देहायबमोजिमहुनेछन्:**

कालुमान लामा
नगर प्रमुख

(क) आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभवपत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमतिपत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ ।

(ख) आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनु पर्नेछ ।

(ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

(घ) आशयपत्र सहितको निवेदन **अनुसूचि २** बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ ।

६. **प्रस्ताव माग गर्नेः** दफा ४ (४) बमोजिम संक्षिप्त सूची तयार भएपछि चौदण्डीगढी नगरपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्र दाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात **अनुसूची ३** बमोजिम पठाई कम्तीमा ३० दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ । प्रस्ताव सम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः

(क) साझेदारी कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नु पर्ने कार्य र अपेक्षित परिणाम । निजी तथा गैर सरकारी क्षेत्रसँगको लागत साझेदारी हुने भएकाले अनुमानित लागत समेत उल्लेख गर्नु पर्नेछ ।

(ख) **अनुसूची ४ र ५** बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा बन्दी गरी माग गरिएको साझेदारीको विषय उल्लेख गर्नु पर्नेछ,

(ग) प्राविधिक तथा आर्थिक मूल्यांकनभार,

(घ) प्रस्ताव पेश गर्नु पर्ने स्थान, मिति र समय,

(ङ) प्रस्ताव छनौट गुणस्तर तथा लागत विधिबाट छनौट गरिने,

(च) तोकिए बमोजिमका अन्य कुरा ।

७. साझेदारी कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिनेछः-

(क) प्रमुख प्रशासकीयअधिकृत- संयोजक

(ख) लेखा अधिकृत- सदस्य

(ग) सम्बन्धित विषय वा शाखाको प्रमुख- सदस्य

(घ) योजना अधिकृत- सदस्य सचिव

(ङ) विशेष आमन्त्रित सदस्य-पालिकाप्रमुख

८. कुल अंक भार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव दाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

९. प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु र अङ्कभार देहायब मोजिमकाकुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनुपर्नेछः

(क) साझेदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव- कुलअङ्कको पच्चीस प्रतिशत सम्म

(ख) कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर- कुल अङ्कको बीस देखि पैंतीस प्रतिशत सम्म

(ग) प्रस्तावित मुख्य जनशक्तिको योग्यता- कुलअङ्कको तीस देखि साठ्ठी प्रतिशत सम्म

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

(घ) ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था- कुलअङ्कको दशप्रतिशत सम्म

१०. उपदफा ९ बमोजिम अङ्कभार उल्लेख गर्दा उत्तीणङ्क समेत उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद ४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

११.साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछ:-

(क) नगरपालिका प्रमुख-संयोजक
(ख) नगरपालिका उप-प्रमुख-सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव
(घ) कार्यक्रम सञ्चालन हुने वडाहरुका वडा अध्यक्ष- सदस्य
(ङ) साझेदारको प्रतिनिधि २ जना- सदस्य
(च) योजना शाखा प्रमुख- सदस्य
(छ) सम्बन्धित विषयगत शाखा प्रमुख- सदस्य

१२. कार्यक्रमअनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछन्:-

(क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने।
(ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षागर्ने।
(ग) कार्यक्रममूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने।
(घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने।
(ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सो को निर्धारण गर्ने।
(च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने।

१३. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकार: प्रस्तावना छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१४. साझेदारीमा संचालित कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछ :

(क) कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ।
(ख) कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवा सुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई अगाडि बढ्न सकिनेछ।
(ग) लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई बैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापना गर्न सकिनेछ।
(घ) साझेदारले कार्यक्रम कार्यान्वयनको कममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरुको व्यवस्था गर्न सक्नेछ।
(ङ) लाभग्राही समूहहरुले कार्यक्रममार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन्।
(च) कार्यक्रमको साझेदार छनौट भए पश्चातदुवै पक्ष बिच आपसी छलफल गरी अनुगमनत था समन्वय समितिको बैठकले आवश्यकता अनुसार विस्तृत योजनातथा बजेट निर्धारण गर्नेछ।
(छ) साझेदारीको न्यूनतम २५ प्रतिशत हिस्सा नगद वा साझेदारको मानव तथा भौतिक स्रोतको रुपमा **(In Kind)** गणना गर्न सकिने छ। नगद हिस्सा साझेदारले संचालन गर्ने बैंक खातामा जम्मा गरेर परिचालन गर्नु पर्नेछ। चौदण्डीगढी नगरपालिकाको साझेदारी हिस्सा पनि सोही बैंक खाता मार्फत परिचालन गरिनेछ।

कालुमान लामा
नगर प्रमुख

(ज) चौदण्डीगढी नगरपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ । जस अर्न्तगत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ ।कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा चौदण्डीगढी नगरपालिकाले आगामी किस्तामा निकासा गर्न सक्नेछ । साझेदारीको समयावधी पहिलो आर्थिक वर्षमा ६ महिना भन्दा कम भएमा पेश्की एकैकिस्तामा निकासा गर्न सकिने छ ।

(झ) चौदण्डीगढी नगरपालिका तर्फको बजेट शिर्षकबाट खर्च गर्दा यस ऐन तथा कार्यविधिमा तोकिएमा सो बमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नु पर्नेछ ।

(ञ) साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

(ट) तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा पेश्की फरछ्यौट गरी आगामी चौमासिक बजेट निकासाका लागि साझेदारले पेश्की माग गर्नु पर्नेछ । साझेदारले आफ्नो तर्फको लागत खर्चको बिल भपाईको एकप्रति समेत चौदण्डीगढी नगरपालिकाको कार्यालयमा बुझाउनु पर्ने हुन्छ । चालू आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोर्धन गर्न सक्नेछ ।

(ठ) बहुवर्षीय कार्यक्रमको हकमा चौदण्डीगढी नगरपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समयोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ ।

**१५. अनुदान उपलब्ध गराउने हकमाः**

पालिकाले स्वीकृत कार्यकम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यकम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(क) अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकमउपलब्ध गराउन सकिनेछ ।

(ख) अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र साझेदारले निर्धारण गर्नेछन् ।

(ग) अुनदानका लागि लाभग्राही छनौटः साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले पालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकताप हिचान गरी लाभग्राही छनौट गर्नेछ ।

(घ) अनुदान सामाग्री वितरण प्रक्रियाः

१. अनुदानप्रकियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ ।

२. भौतिक सामाग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रहोबरमा गरिनेछ ।

३. नगद अनुदान दिइने हकमा अनुदान ग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि साझेदारले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ ।

४. भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रकियाको अभिलेखिकरण राख्नु पर्नेछ ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिक भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धैरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू-परिभेषको भिन्नताको कारण एक स्थानबाट अर्को स्थान सम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरि वडा कार्यलयको रहोबरमा बहुल साना किसानहरुबाट सोझै खरिद तथा वितरण गर्न सकिने छ ।

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

## परिच्छेद ५
## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१६. सम्झौताः साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ६** बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१७. प्रतिवेदनः साझेदारी कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन देहायब मोजिमको ढाँचामा हुनेछः-

(क) कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ७** बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

(ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१८. अनुगमन तथा मूल्यांकनः कार्यक्रम अनुगमन तथा समन्वय समितिले चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ । कार्य सम्पादनको आधारमा साझेदारी संस्था/व्यक्तीसंग भएको सम्झौता नगरपालिकाले नविकरण गरि अर्को आ.ब.को लागि काम गर्न सकिने छ ।

## परिच्छेद ६
## विविध

१९. लेखापरीक्षणः

(क) साझेदारी कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएपश्चात प्रचलित कानून बमोजिम चौदण्डीगढी नगरपालिकाले गर्नु पर्नेछ ।

(ख) साझेदारी कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनुपर्नेछ ।

(ग) साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व. को सनापन पछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तिय विवरणको एकप्रति साझेदारले पालिकामा बुझाउनु पर्नेछ ।

२०. समन्वयः साझेदारी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

२१. खर्चमा बन्देजः साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा उक्त शिर्षकमा छुट्याइएको वार्षिक बजेटको १० प्रतिशत भन्दा माथिको रकमान्तरको हकमा अनुगमन तथा समन्वय समितिको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

२२. कसुर र सजायः (क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न गरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्ववहनगर्नु पर्नेछ ।

(ख) कार्यक्रमको सम्झौता बमोजिमकाम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नु पुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

२३. पारदर्शिताः साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२४. उत्तरदायित्वः कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

२५. संशोधन तथा हेरफेरः यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२६. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः नगरकार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

कलुसाने लामा
नगर प्रमुख

२७. प्रचलित कानुन लागु हुनेः साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिमहुनेछ ।

कालुमान लामा
नगर प्रमुख

अनुसूची १

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय, बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र / गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वानको ढाँचा**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०३।२९

चौदण्डीगढी नगरपालिकाले कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण,संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमको लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९।०८० देखि शुरु हुने गरी बहुवर्षिय रुपमा कृषि, पशु बिकास र स्थानिय उत्पादनको बजारीकरण विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र / गैरसरकारी क्षेत्रका व्यक्ति / संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धि विस्तृत विवरण कृषि, पशु बिकास र स्थानिय उत्पादनको बजारीकरण चौदण्डीगढी नगरपालिकाको वेवसाइट www.chaudandigadhimun.gov.np बाट डाउनलोड गर्न वा चौदण्डीगढी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न चौदण्डीगढी नगरपालिका जवाफदेहीहुनेछैन ।

..................................
प्रमुख प्रशासकिय अधिकृत

कालुमान लामा
नगर प्रमुख

अनुसूची २

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय, बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र / गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदनको ढाँचा**

मिति: .......................

श्रीमान् नगर अध्यक्ष ज्यू,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय,बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल ।

विषय: आशयपत्र पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा चौदण्डीगढी नगरपालिक आ.व. ०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार साझेदारीमा कार्यक्रम संञ्चालन उद्देश्यका लागि "कृषि, पशु बिकास र स्थानिय उत्पादनको बजारीकरण साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस ..................................ले आशयपत्र पेश गरेको जानकारी अनुरोध छ ।

निवेदक

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

संलग्नकागजातहरु

क. सम्बन्धित संस्थाको कागजातहरु

१. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमतिपत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)

२. स्थायी लेखा नम्बर

३. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र

४. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्थाबीचको कार्य जिम्मेवारी खुल्ने सम्झौतापत्रको सक्कल १ प्रति

५. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

६. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

७. व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाको विवरण, संगठन

८. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्र दाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

९. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

कालुमान लामा
नगर प्रमुख

अनुसूची ३

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय,बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

**साझेदारीमाकार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाकोलागि प्रस्तावआह्वानको ढाँचा**

प्रथम पटक सूचना प्रकाशित मितिः ................

चौदण्डीगढी नगरपालिकाले कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण,संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण विषय क्षेत्रमा साझेदारीमा कार्यक्रम संञ्चालन उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९।०८० देखि शुरुहुने गरी बहुवर्षिय रुपमा " कृषि, पशु बिकास र स्थानिय उत्पादनको बजारीकरण साझेदारी कार्यक्रम" विषयमा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचनाप्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र प्राविधिक तथाआर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । यस कार्यक्रमको विस्तृत विवरण चौदण्डीगढी नगरपालिकाको वेवसाइट ........................बाट डाउनलोड गर्न वा चौदण्डीगढी /नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न चौदण्डीगढी नगरपालिकाजवाफदेहीहुनेछैन ।

..............................
प्रमुख प्रशासकिय अधिकृत

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

अनुसूची ४

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय, बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

## साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र / गैर सरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन
- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपनार हस्तान्तरण

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

## अनुसूची ५

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय,बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाका लागि आर्थिक प्रस्तावको ढाँचा**

- साझेदारको कुललागत रकम । लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (**In Kind)** प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथाकर्मचारी सुविधा, कार्यालंय सञ्चालन र व्यवस्थापन, सम्पत्तिखरिद, मसलन्द, आदि)
- कार्यक्रमखर्च (परियोजना कियाकलाप कार्यान्वयन खर्च)
- अन्य

कालुमान लामा
नगर प्रमुख

प्रशासकीय अधिकृत

अनुसूची ६

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय,बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

**साझेदारी कार्यक्रम सम्झौताको ढाँचा**

**"................... साझेदारी कार्यक्रम"संचालनका लागि ........... नगरपालिका र ........... संस्था वीचको**

**साझेदारी सम्झौतापत्र**

१. परिचय:
२. कार्यक्रमको नाम :
३. सम्झौता अवधि :
४. कार्यक्षेत्र:
५. प्रथमपक्षको जिम्मेवारी:
६. दोस्रो पक्षको जिम्मेवारी:
७. बजेट र वित्तीय कार्यविधि:

**७.१ परियोजनाको कुल बजेट :**

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागतविवरण सम्वन्धमा:
७.१.२ बजेट रकमान्तर सम्बन्धमा :
७.१.३ परियोजनाको विस्तृत बजेट विवरण:

**७.२ बजेट निकासा :**

७.२.१ बैक खाता सम्बन्धमा:
७.२.२ पेश्की सम्बन्धमा:
७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमा:
७.२.४ अग्रीम कर सम्बन्धमा:
७.२.५ विल भरपाई सम्बन्धमा:
७.२.६ विल जारी सम्बन्धमा:
७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमा:
७.२.८ पेश्की तालिका विवरण:
७.२.९ स्थानीय साझेदार सम्बन्धमा:
७.२.१० विस्तृत कार्यक्रमर वजेट सम्बन्धमा:

**८. लेखा परीक्षण तथा प्रतिवेदन**

**९. अनुगमन तथा मूल्यांकन:**

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले
९.२ नगरपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

**१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था**

**११. परियोजना हस्तान्तरण**

**१२. विविध**

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति...........................मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

| | |
|---|---|
| **प्रथमपक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| ............................... | ........................... |

**साक्षिहरु:**

कालुमान लामा
नगर प्रमुख

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

अनुसूची ७

चौदण्डीगढी नगरपालिका,
चौदण्डीगढी नगरकार्यपालिकाको कार्यालय,बेल्टार, उदयपुर
प्रदेश नं. १, बिराटनगर, नेपाल

## साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

कालुमान लामा
नगर प्रमुख